मध्यविन्दु नगरपालिका

# स्थानिय राजपत्र

खण्डः०२ संख्याः२० मितिः २०७५/१२/०७

# भाग २

## मध्यविन्दु नगरपालिका

## सामुदायिक मेलमिलाप कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१२/०७**

**नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७५/१२/०८**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०९/१४**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन सम्बन्धी ऐन, २०७४, मेलमिलाप ऐन, २०६८ र मेलमिलाप नियमावली, २०७० मा भएको व्यवस्था कार्यान्वयन गर्दै विवादित पक्षलाई जीत जितको महसुस गराई न्यायमा पहुँच नभएका वर्गलाई न्यायमा पहुँच कायम गरी स्थानीय तहबाटै कानूनी सेवा उपलब्ध गराउने उद्देश्यले साविक देखि मध्यविन्दु नगरपालिकामा मेलमिलाप कार्यक्रम संचालन हुँदै आएको थियो । उक्त कार्यक्रमलाई सर्च फर कमन ग्राउण्डले सहयोग गरेको थियो । कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले कार्यक्रम संचालनमा उपलब्ध गराउँदै आएको आर्थिक तथा प्राविधिक सहयोग मिति २०७४ आश्विन मसान्त देखि बन्द भए पश्चात यस मध्यविन्दु नगरपालिकाले नै मिति २०७४।०७।०१ देखि संचालन गर्नु पर्ने भएको थियो । मेलमिलाप सेवा संचालन तथा व्यवस्थापन गर्न निर्दिष्ट कार्यविधी आवश्यक भएकोले यो कार्यविधी तयार गरी लागु गरिएको छ ।

१. **नाम**

यस कार्यविधिको नाम "सामुदायिक मेलमिलाप कार्यक्रम संचालन तथा व्यवस्थापन कार्य विधि, २०७५" हुनेछ ।

२. **प्रारम्भ**

यो कार्यविधि प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषा**

३.१. **नगरसभा** :- नगर सभा भन्नाले मध्यविन्दु नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

३.२. **नगर कार्यपालिका** :- नगर कार्यपालिका भन्नाले मध्यविन्दु नगर कार्यपालिका सम्झनु पर्दछ ।

३.३. **नगरपालिका** :- नगरपालिका भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्दछ ।

३.४. **कोष** :- कोष भन्नाले बुँदा ४ अनुसार संचालित कोष सम्झनु पर्दछ ।

३.५. **समिति** :- समिति भन्नाले बुँदा नं. ८ अनुसार गठित कोष संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

३.६. **न्यायिक समिति** :- न्यायिक समिति भन्नाले नेपालको संविधान २०७२ को धारा २१७ बमोजिमको न्यायिक समितिलाई जनाउँने छ ।

४. **सामुदायिक मेलमिलाप कार्यक्रमको कोष**

सामुदायिक मेलमिलाप कार्यक्रम संचालनका निमित्त आवश्यक श्रोत व्यवस्थापनका लागि एक कोष खडा गरिने छ ।

४.१ यस कोषमा निम्न बमोजिमको श्रोतबाट रकम प्राप्त हुन सक्ने छ ।

४.१.१ नगरपालिकाबाट प्राप्त हुने रकम ।

४.१.२ अन्य, व्यक्ति, संघ संस्था वा दाताहरुबाट प्राप्त हुने रकम ।

५. **कोषको उपयोग**

बुँदा नं. ४ मा उल्लेखित कोषमा जम्मा भएको रकम कोष संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार स्थानिय समुदायको विवाद निरुपण सम्बन्धि कार्यमा खर्च गरिने छ ।

६. **कोषको खाता संचालन**

६.१. कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ । उक्त खाता मान्यता प्राप्त बैंक वा वित्तिय संस्थामा खोली संचालन गरिने छ ।

६.२. कोषको रकम समितिले स्विकृत गरेको स्थानिय सामुदायिक मेलमिलापका कार्यक्रममा खर्च गरिने छ ।

७. **सामुदायिक मेलमिलाप कर्ताको छनौट**

वडा समिति समेतका सिफारिसमा प्रत्येक वडाबाट ३/३ जना मेलमिलाप कर्ता छनौट गरी जम्मा ४५ जना सामुदायिक मेलमिलापकर्ता छनौट गरिने छ । नगर कार्यपालिकाले सम्बन्धित विषयमा ज्ञान एवं अनुभव भएको १ जना सामुदायिक मेलमिलाप कार्यक्रम संयोजक तोक्न सक्नेछ ।

७.१ सामुदायिक मेलमिलाप कर्ताहरुको काम, कर्तव्य, अधिकार र सुविधा :-

७.१.१ न्यायमा पहुँच नभएका गरिब, विपन्न, पिछडिएका वर्ग, जात जातिलाई सरल र सहज रुपमा न्यायको पहुँच कायम गर्न सहयोग गर्ने ।

७.१.२. स्थानीय सरकार संचालन सम्बन्धी ऐन, २०७४ अनुसार विवादहरुको निरुपण गर्न न्यायिक समितिलाई सुझाव दिने ।

७.१.३ न्यायिक समितिको संयोजनमा सामुदायिक मेलमिलाप कर्ताहरु र संयोजक समेतको बैठक कम्तिमा वर्षमा तिन पटक बस्नेछ । साथै वडा अध्यक्ष्य संग समिक्षा बैठक वार्षिक रुपमा दुई पटक बस्ने छ । यस बैठकमा नगरपालिकाका अन्य पदाधिकारी वा विषय विज्ञलाई पनि आमन्त्रित गर्न सकिने छ । यस बैठकमा उपस्थित हुने न्यायिक समितिको संयोजक, मेलमिलाप कर्ता, मेलमिलाप संयोजक र आमन्त्रित अन्य पदाधिकारीहरुलाई समेत प्रति बैठक रु. ४००।- चार सय मात्र यातायात खर्च दिईने छ ।

७.१.४ सामुदायिक मेलमिलाप कार्यक्रम संयोजकलाई मासिक रु १५,०००। पन्ध्र हजार मात्र मासिक सुविधा दिईनेछ । सामुदायिक मेलमिलाप कर्ताहरुलाई प्रति विवाद रु ४००। चार सय मात्र यातायात खर्च दिईने छ ।

## ८. कोष व्यवस्थापन समिति

८.१. कोष व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

| | | |
|---|---|---|
| क) | नगर उप-प्रमुख | अध्यक्ष |
| ख) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) | सामुदायिक मेलमिलाप कर्ता मध्ये न्यायिक समितिले तोकेको १ जना | सदस्य |
| घ) | नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) | सामुदायिक मेलमिलाप कार्यक्रम संयोजक | सदस्य सचिव |

**८.२. कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार ।**

८२.१. स्थानीय सरकार संचालन सम्बन्धि ऐन, २०७४ अनुसार सामुदायिक मेलमिलाप सम्बन्धि कार्यक्रम तर्जुमा गर्ने ।

८.२.२. मध्यविन्दु नगरपालिका क्षेत्र भित्र सामुदायिक मेलमिलप कार्यक्रम विकास र प्रबर्द्धनको लागि समन्वय गर्ने ।

८.२.३. कोषको संचालन सम्बन्धि व्यवस्थापनको कार्य गर्ने ।

८.३. समितिको कार्य सम्पादन सम्बन्धि कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ९. विविध

९.१. यस कार्यविधिको कार्यान्वयन सम्बन्धि जिम्मेवारी कोष व्यवस्थापन समितिमा निहित हुनेछ ।

९.२. यस मापदण्डमा उल्लेख गरिएका व्यवस्थाहरु यसै मापदण्ड बमोजिम हुनेछन् र प्रचलित कानूनसँग बाँझिएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९.३. यस कार्यविधी कार्यान्वयनमा कुनै वाधा अड्चन आईपरेमा नगर कार्यपालिकाको निर्णय अनुसार वाधा अड्काउ फुकाईने छ ।

मध्यबिन्दु नगरपालिका